मनाङ जिल्ला अदालत

चामे, मनाङ

सिलवन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ०१।०७३।०७४

प्रकाशित मिति: २०७३।१२।०६

अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस अदालतको तपसिलमा उल्लेख भए बमोजिमको भवन निर्माण कार्य सिलबन्दी बोलपत्रद्धारा गराउनुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तको अधिनमा रहि रीतपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१.बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र बोलपत्र बापत तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई आ.व.०७२।०७३ सम्म मान्यता हुने खरिद इजाजत पत्र, आयकरको स्थायी नम्बर(PAN) लिएको र मु.अ.कर प्रयोजनको लागि दर्ता भएको प्रमाण पत्र ,आ.व.०७२।०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले वा निजको आधिकारिक प्रतिनिधिले लिखित निवेदन दिई कार्यालय समयभित्र बोलपत्र सम्वन्धी कागजात यस अदालतमा खरिद गर्न सक्नेछ ।E-Bid बाट बोलपत्र पेश गर्ने सम्वन्धमा तल उल्लेख गरिएको छ ।

२.खरिद भएको बोलपत्र सम्वन्धित कागजात प्रस्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरी सिलवन्दी खामवाहिर फर्मको नाम ठेगाना र कामको नाम खरिद नम्वर प्रस्टसंग लेखी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजेभित्र यस अदालतमा दर्ता गराउनुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको १३:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३.बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट वा विदापछि अदालत खुलेको दिन हुनेछ ।

४.बोलपत्र मान्य हुने अवधि बोलपत्र पेस गर्ने अन्तिम मितिवाट ९० दिन हुनेछ र बोलपत्रसाथ बोलपत्र जमानत बापतको तपसिलमा उल्लेख भए बमोजिमको रकम कार्यालय कोड नम्बर ४५-२०४-०१, नेपाल बैंक चामेमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालय चामेको एकल कोष धरौटी खाता नम्बर १२८०२०००३५०मा जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको यस अदालतको नाममा मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन अवधि भएको बैंक जमानत (विडबण्ड) पेश गर्नुपर्नेछ ।

५.अदालतले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट केरमेट नगरेको वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। केरमेट भएको खण्डमा सम्वन्धित फर्मको सहिछाप भएको हुनुपर्ने छ। समयसिमाभित्र प्राप्त नभएको ,रीत नपुगेको र सूचनाका शर्त विपरीत भएको बोलपत्रमाथि कुनै कारवाही हुने छैन ।

६.बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निमार्ण स्थल र कामको सम्वन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

७.बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८.बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्रमा निर्देशन गरे अनुसारका कुराहरु खुलाउनु पर्नेछ।

९.इच्छुक बोलपत्र दाताले e-procurement मार्फत www.edudbc.gov.np(email:dudbclamjung@gmail.com) मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिल गर्न समेत सक्नेछन्। सोको लागि राजस्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरी डिपोजिट भौचरको Scanned Copy (pdf format) Electronic Bid Files साथै पेश गर्नुपर्नेछ।

१०.कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा खरिद स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित हुनेछ।

११.बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको टेलिफोन नं. ०६६-४४०१९६ मा सम्पर्क गर्न सकिनेछ।

१२.कुनै बोलपत्रदाताले E-Bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-Bidding प्रकृयाबाट नै गर्नुपर्नेछ। यस्ता बोलपत्र फिर्ता तथा संशोधनको लागि सिलबन्दी निवेदनबाट (hard copy) पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन।

१३.विघुतिय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबीसघण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्नेछ।

१४.E-Bidding द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका कागजातहरुको सक्कल प्रति यस अदालतमा ३ दिनभित्र पेश गर्नुपर्नेछ। सक्कल प्रति पेश हुन नआएमा बोलपत्र फाराममा उल्लेख भए अनुसारको कारवाही गरिनेछ।

१५.यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन २०७३ ) बमोजिम हुनेछ।

तपसिल

| सि.नं | खरिद नं | कामको विवरण | लागत अनुमान रु. (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम अवधि | बोलपत्र पेश गर्ने अन्तिम अवधि र समय | बोलपत्र खोल्ने अन्तिम अवधि र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०७३/०७४ JDC/NCB/Works (1/073/74) | सुरक्षा ब्यारेक भवन | ७३,१२,४७९/- | ३०००/- | २,१६,०००/- | २०७४/०१/०४ | २०७४/०१/०५ १२:०० बजे | २०७४/०१/०५ १३:०० बजे |